# माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड

(प. लि. द. नं. ९६०२४२/०६९/७०)

## वि.सं. २०८१ साल पौष २५ गते बिहीबारका दिन सेलिब्रेसन हाईट्स, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको

## एघारौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

## Minute of 11th Annual General Meeting

(क) **पृष्ठभूमि :**

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष २५ गते (तदनुसार ०९ जनवरी, २०२५) बिहीबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाडौं, सुकेधारा स्थित सेलिब्रेसन हाईट्समा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले सञ्चालक समितिका सदस्यहरू, कम्पनीका शेयरधनी महानुभावहरू, आमन्त्रित वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई एघारौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामेश्वर रिजालज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनद्वारा यस कम्पनीद्वारा प्रवर्द्धित रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा पावरप्वाईन्टका माध्यमबाट प्रस्तुतीकरण गरिनुका साथै आयोजनाका बारेमा श्रव्य-दृष्य (अडियो-भिडियो) मार्फत जानकारी गराइयो । तत् पश्चात् शेयरधनीहरूबाट राखिएका जिज्ञासाहरू सम्बोधन गरी साधारण सभामा पेश गरिएका निर्धारित प्रस्तावहरू उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १२:१० बजे समापन भएको थियो ।

(१) **सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ साल मंसिर १९ (तदनुसार ०४ डिसेम्बर, २०२४) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस एघारौं वार्षिक साधारण सभाको जानकारीका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिका नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा २०८१ मंसिर २१ गते प्रथम पटक र आर्थिक राष्ट्रिय दैनिकमा २०८१ पौष ०३ गते दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेवसाईट www.sanimamailung.com मा पनि राखिएको थियो ।

MATHILLO MAILUNG KHOLA JALBIDHYUT LTD. 2012

(२) <u>उपस्थिति :</u>

**(अ) सञ्चालकहरूको उपस्थिति**

| | |
|---|---|
| श्री रामेश्वर रिजाल<br>(प्रतिनिधि मोल्निया पावर लि.) | सञ्चालक/अध्यक्ष |
| श्री घनश्याम थापा<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्री अजय कार्की<br>(प्रतिनिधि सानिमा हाईड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्रीमती सरोजा पौड्याल<br>(प्रतिनिधि ओब्जोर इन्भेष्टमेन्ट कम्पनी लि.) | सञ्चालक-सदस्य |
| श्री रामेश्वर लामिछाने | सञ्चालक-सदस्य |
| श्री विशाल भट्टराई | सञ्चालक-सदस्य |
| श्री रमेश कुमार मास्के | स्वतन्त्र सञ्चालक |

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री सुधीर गिरी | महा-प्रबन्धक |
| श्री ऋषिराज गौतम | कम्पनी सचिव |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री दुर्गा प्रसाद ज्ञवाली<br>(प्रतिनिधि N.B.S.M. & Associates, Chartered Accountants) | लेखापरीक्षक |
| श्री भिष्मराज चालिसे<br>(प्रतिनिधि सानिमा क्यापिटल लि.) | शेयर रजिष्ट्रार |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | ९९ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | १३५ जना |
| ३. जम्मा उपस्थित संख्या | - | २३४ जना |

MATHILLO ... KHOLA JALVIDHYUT LTD. 2012

(३) **एघारौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू**

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको एघारौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ. व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण र तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. आ. व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

(४) **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ८,९४३२ | ९९ | १३५ | २३४ | ०.२६% |
| कम्पनीको शेयर संख्या | १,००,००,००० | ६४,९०,७७१ | ३,०२,३६५ | ६७,९३,१३६ | ६७.९३% |

**(ख) सभाको वैधानिकता**

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या २३४ भएको र कूल बाँडफाँड भएको ६७.९३ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री रामेश्वर रिजालज्यूको गर्नु भई, एघारौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

MATHILLO MAILUN KHOLA JALVIDHYUT LTD. 2012

(ग) **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री रामेश्वर रिजालज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८०/८१ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट सहायक प्रबन्धक (सिभिल इन्जिनियर) श्री रञ्जित नेपालज्यूले यस कम्पनीद्वारा प्रवर्द्धित रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजनाको निर्माण सम्बन्धमा भए गरिएका कार्यहरू, कम्पनीको आर्थिक तथा वित्तीय अवस्था, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनाको विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरण तथा श्रव्य-दृष्य(अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराउनु भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८०/८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री बसन्त चन्द्र मरहठ्ठा**

आयोजना विभिन्न कठिनाईहरू जस्तै कोभिडको महामारीको बाबजुद पनि ४ वर्षमा नै निर्माण सम्पन्न गर्नु भएकोमा सञ्चालक समिति र सम्बन्धित सबैमा धन्यवाद दिन चाहन्छु । विद्युत उत्पदन उत्पादन गरेर वितरण गरेकोमा बधाई तथा शुभकामना दिन चाहन्छु । IPO मा कहिले गएको हो र lock in period  कहिले सम्म रहेको छ सो सम्बन्धी जानकारी गराइदिनु होला ।

**(आ) श्री सुदिप श्रेष्ठ**

शेयरधनीहरूको उद्देश्य नै लगानीको प्रतिफल रहेको हुँदा आगामी वर्षबाट लाभांश दिने अपेक्षा गरेका छौं । जलवायु परिवर्तन, बाढी पहिरो, भूक्षय जस्ता कारणले दुखः नदिने हो भने आगामी वर्षमा लाभाँश पाउने आशा गरेका छौं । दक्ष व्यवस्थापन टिमबाट सञ्चालन भएको यस आयोजनामा दक्ष जनशक्तिलाई इन्सेन्टिभ/प्रोत्साहन को व्यवस्था गर्नुहोला । कम्पनीको व्यवस्थापन पक्ष चुस्त दुरूस्त रहेको र प्राविधिकहरू सबल रहेको पाएका छौं । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नु भएको कार्यहरूलाई आगामी वर्ष पनि निरन्तरता दिनुहोस् भन्दै कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्दछु ।

**(इ) श्री ब्रम्हदेव शाक्य**

सभामा प्रस्तुत गर्नु भएको प्रस्तावहरू मध्ये पहिलो प्रस्ताव अन्तर्गत अध्यक्षज्यूले दिनु भएको मन्तव्य समसामयिक, यथार्थपूर्ण र उत्साहवर्दक रहेको छ । क्यास्केड आयोजनाको रूपमा विकास गर्न लाग्नु भएको १३ मे.वा जडित क्षमताको मध्य मैलुङ खोला जलविद्युत आयोजनाको सम्बन्धमा प्रष्ट पारिदिनु हुन अनुरोध गर्दछु । लेखापरीक्षकको पारिश्रमिक नबढाई साबिक बमोजिम नै गर्न अनुरोध गर्दछु । विशेष प्रस्ताव अन्तर्गतको २ वटा प्रस्तावमा मेरो पूर्ण समर्थन रहेको कुरा अनुरोध गर्दछु । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कार्यहरूको अनुमोदन गर्दै यस्तै कार्यहरू गरीस्थानीय जनताहरूसँग सुमधर सम्बन्ध राखेर सबैको कल्याण गर्न सक्नुहोस् भन्ने कामना गर्दछु । अन्तयमा कम्पनीका लागि कार्य गर्नु हुने सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

MATHILLO MAILUN KHOLA JALVIDHYUT LTD. 2012

**(ई) ई. बैजुनाथ रौनियार**

व्यवसायिक उत्पादन भएको ५ महिना मात्र भएको र बैंक कर्जाको साँवा व्याज तिर्न शुरू गरेको हुनाले लाभांश दिने अवस्था नरहेको हो । कम्पनीको व्यवस्थापन राम्रो रहेको र आउने दिनमा राम्रो गरी शेयरधनीहरूलाई लाभांश दिने व्यवस्था मिलाउनु होला । स्थानीयको हितका लागि भएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यलाई निरन्तरता दिन अनुरोध गर्दछु । कम्पनी गाभ्ने/गाभिने प्रस्तावका सम्बन्धमा कम्पनीको भविक्ष्यलाई ध्यानमा राखी राम्रो कम्पनीसँग गर्नु होला । कम्पनीको प्रगतिको कामना गर्दछु ।

यसका साथै, लिखित रूपमा शेयरधनी श्री डम्मरू बल्लभ घिमिरे, श्री निरूपमा गुप्ता, श्री गोबिन्द बहादुर के.सी., श्री सृजन आचार्य र श्री लक्ष्मण बहादुर श्रेष्ठज्यूले मन्तव्य राख्नु भएको थियो ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

**श्री रामेश्वर रिजाल - सञ्चालक/अध्यक्ष**

सञ्चालक समिति र व्यवस्थापनलाई गर्नु भएको भरोसा प्रति हार्दिक आभार व्यक्त गर्दै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- Lock in period को सम्बन्धमा कम्पनी IPO मा मिति २०८० कार्तिक ०३ गते गएको हुनाले सोको ३ वर्ष अर्थात् मिति २०८३ कार्तिक ०४ गते शेयरको lock in खुल्नेछ ।
- कम्पनीका कर्मचारीलाई नीति नियम बमोजिम प्रोत्साहन गरी अगाडि बढ्ने छौं ।
- १३ मे.वा जडित क्षमताको मध्य मैलुङ खोला जलविद्युत आयोजनाको सम्बन्धमा १० वा १३ मे.वा. मध्ये PPA को अवस्था हेरी सोही बमोजिम खरिद बिक्री सम्झौता गर्ने तयारी गरिएको छ ।
- लेखापरीक्षकको पारिश्रमिकका सम्बन्धमा सञ्चालक समितिले सकेसम्म बढि खर्च नहुने गरी सोलाई विचार गरी गर्ने छौं ।
- लाभांशका सम्बन्धमा व्यवसायिक उत्पादन भरखरै शुरू भएको छ हुनाले अपेक्षा गरौं कम्पनी चाँडै नै लाभांश प्रदान गर्न सक्षम हुनेछ र त्यसमा सञ्चालक समिति सधैं नै प्रयत्नशील रहने छ ।
- कम्पनी गाभ्ने/गाभिने प्रस्तावका सम्बन्धमा कम्पनीको आर्थिक तथा व्यवसायिक हितलाई ध्यानमा राखी अगाडि बढ्नेमा सञ्चालक समिति सदा सजग रहेको छ । आज यस सभाबाट सैद्धान्तिक स्वीकृति प्राप्त भए पश्चात् विभिन्न प्रक्रिया अगाडि बढाउन सकिने छ ।

आयोजनालाई यस अवस्था सम्म राख्नका लागि निवर्तमान महाप्रबन्धक काँगडा प्रसाईज्यूको विशेष योगदान रहेको छ । आयोजनको विभिन्न आयामहरूलाई व्यवस्थित रूपमा लैजानु भएको हुनाले हामी यहाँ सम्म आइपुगेका हौं । उहाँलाई म सम्पूर्ण सञ्चालक समिति र शेयरधनीको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु ।

साथै, अध्यक्षज्यूको आज्ञाले कम्पनीका महाप्रबन्धकज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**श्री सुधीर गिरी - महाप्रबन्धक**

यस वार्षिक साधारण सभामा आफ्नो अमूल्य सुझाव र शुभकामना प्रदान गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै शेयरधनीहरूको विश्वास र समर्थनलाई उच्च मूल्याङ्कन गर्दै यस कम्पनीलाई

MATHILLO MAILUN KHOLA JALVIDHYUT LTD. 2012

प्रभावकारी र सकारात्मक प्रक्रियाका साथ सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । शेयरधनीहरूको निरन्तर सहयोग र साथले कम्पनीको यात्रालाई अझ सशक्त र सफल बनाउने विश्वास व्यक्त गर्नु भयो । विशेष प्रस्तावका रूपमा प्रस्तुत कम्पनी गाभ्ने/गाभिने (merger) को प्रस्तावका सम्बन्धमा कम्पनी गाभ्दा दक्ष जनशक्ति परिचालन क्षमता, जोखिम न्यूनीकरण र आर्थिक तथा वित्तीय मजवुतीका कारण ठूला आयोजना निर्माणमा थप क्षमता वृद्धि हुने सम्भावना विश्लेषण गरेको सम्बन्धमा जानकारी गराउनु भयो । यसका साथै, यस बाट कम्पनीलाई हुने आर्थिक, प्रशासनिक तथा प्राविधिक लाभका सम्बन्धमा सभा समक्ष जानकारी गराउनु भयो ।

त्यस पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(घ) **सभाको निर्णयहरू :**

निर्णयार्थ एघारौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

(क) <u>साधारण प्रस्तावहरू :</u>

**१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको एघारौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री रामेश्वर रिजालज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. कम्पनीको आ. व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण र तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८१ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८०/८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

**३. आ. व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ. व. २०८१/८२ को कम्पनीको लेखापरीक्षण गर्न गत आ.व. का लेखापरीक्षक संस्था N.B.S.M. & Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. २,००,०००/- (अक्षरेपी दुई लाख रूपैया मात्र) पारिश्रमिक निर्धारण गरी पुनः लेखापरीक्षक नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८१/८२ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(ख) <u>विशेष प्रस्तावहरू</u>

**१. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने/गाभिने वा एकीकरण (Merger) गरेको खण्डमा कम्पनी तथा यसको जलविद्युत आयोजना सञ्चालन र

MATHILLO MAILUN KHOLA JALVIDHYUT LTD. 2012

व्यवस्थापनमा मितव्ययिता, दक्ष जनशक्ति परिचालन, जोखिमको न्यूनिकरण एवं संस्था आर्थिक तथा वित्तीय रूपमा मजबुत हुने लगायतका सकारात्मक उपलब्धीहरू हासिल हुन सक्ने भएकाले यस सम्बन्धमा आवश्यक अध्ययन, विश्लेषण गरी सोको नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडि बढाउने साथै, यसै प्रयोजनका लागि उपयुक्त जलविद्युत प्रवर्द्धक कम्पनी पहिचान गर्ने, चल अचल सम्पत्ती तथा दायित्व एवं कारोबारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, आवश्यकता अनुसार लेखापरीक्षक, परामर्शदाता नियुक्त गर्ने तथा निजहरूको पारिश्रमिक निर्धारण गर्ने, समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न तथा सोमा हस्ताक्षर एवं सोको कार्यान्वय गर्न, गराउन गठन गरिने समितिका लागि आधिकारिक व्यक्ति तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, कानून बमोजिम सम्बन्धित नियामक तथा नियमनकारी निकायको सैद्धान्तिक सहमति/स्वीकृतिका लागि निवेदन दिने लगायत गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने सम्बन्धी नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडि बढाउनका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

२. **गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस साधारण सभाबाट पारित विशेष प्रस्ताव नं. १ बमोजिम यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायत अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा आवश्यक संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(ग) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस एघारौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

MATHILLO MAILUN KHOLA JALVIDHYUT LTD. 2012

| | |
|---|---|
| ऋषिराज गौतम | रामेश्वर रिजाल |
| कम्पनी सचिव | सञ्चालक/अध्यक्ष |